पढेका कुरालाई उत्पादनसँग नजोडी देशको विकास हुँदैन भन्दै मन्त्री पोखरेलले नेपालको शिक्षालाई विश्व शिक्षासँग जोड्न पनि प्राविधिक र व्यावहारिक शिक्षा आवश्यक रहेको उहाँको धारणा थियो।

# नेपाल

## दुई मिनेट

### दुर्घटनामा तीनको मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-६ बौद्ध मांकालचोकस्थित सडकमा बा५७प ५७०५ र बा९०प ३२८३ नम्बरको मोटरसाइकल शनिबार एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा बा९०प ३२८३ नम्बरको मोटरसाइकल चालक चुच्चेपाटी बस्ने कुमार श्रेष्ठ र उनकी छोरी रिया श्रेष्ठको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका कुमारको नेपाल मेडिकल कलेज अत्तरखेल र रियाको ओम अस्पताल चाबहिलमा उपचारका क्रममा मृत्यु भएको हो। दुर्घटनामा बा५७ प ५७०५ नम्बरको मोटरसाइकल चालक ६ बौद्ध शान्ति टोलका जीवन गुरुङ र चाबहिल गणेशथानका महोत्तरी खैरमाराका सुजन कटुवालसमेत गम्भीर घाइते भएकाले उपचारका लागि ओम अस्पताल चाबहिल पठाइएको छ।

यसैगरी काठमाडौं महानगरपालिका-२७ भोटाहिटी चोकमा ना७ ख ३५२० नम्बरको रोकी राखेको ट्रकमा बा५८ प ६४५९ नम्बरको मोटरसाइकल ठोकिएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार चालक भक्तपुर मध्यपुर ठिमी नगरपालिका-१० का नरम बन र मुरारी झा घाइते भएकाले उपचारको लागि वीर अस्पताल पठाइएकामा नरम बनको उपचारका क्रममा मृत्यु भएको छ।

### सट्टेबाजीमा संलग्न चार पक्राउ

काठमाडौं, (नेस)

विश्वकप फुटबल प्रतियोगितामा विभिन्न फुटबल टिमको हारजितमा विभिन्न व्यक्तिसँग नगद लाभ लिने दिने गरी अवैधरूपमा सट्टाबाजी खेल खेलाउने ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं धापासीका अमित श्रेष्ठ, तनहुँ जामुने घर भएका प्रमोद रानाभाट, काठमाडौं बालुवाटारका अनिल भण्डारी र निराजन पौडेल रहेका छन्। प्रहरीले उनीहरूलाई शनिबार सट्टाबाजी खेलमा प्रयोग भएको ४ थान मोबाइलसहित पक्राउ गरी आवश्यक अनुसन्धान गरिरहेको छ।

### चोरी गर्ने गिरोह समातियो

काठमाडौं, (नेस)

काठमाडौं उपत्यकाका विभिन्न स्थानमा कवाडका सामान संकलन गर्ने बहानामा बिहान तथा दिउँसोको समयमा घरमा कोही नभएको मौका पारी घरको ढोका तथा झ्याल फोडी नगद, सुन चाँदीका गर गहना, विभिन्न मोबाइल र अन्य इलेक्ट्रोनिक्स सामान चोरी गर्ने कार्यमा संलग्न २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत विहार मोतिहारी घर भई हाल काठमाडौं महानगरपालिका-१२ टेकु सबलबहाल बस्ने करण पोदार र भारत बिहार समस्तिपुर घर भई टेकु सबलबहाल बस्ने सुरज पोदार रहेका छन्।

महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई शनिबार काठमाडौं महानगरपालिका-१५ डल्लु आवास क्षेत्रस्थित सोनी श्रेष्ठको घरमा कोही नभएको मौका पारी ढोका फोडी नगद तथा सुन चाँदीका गरगहनासमेत गरी करिब ३१ लाख ३३ हजार १ सय २० रुपियाँबराबरको धनमाल चोरी गरेर लैजाँदै गरेको अवस्थामा सामानसहित डल्लु आवास क्षेत्रबाट पक्राउ गरेको हो।

### अवैध भारतीय रुपियाँसहित पक्राउ

काठमाडौं, (नेस)

भारत बिहार मोतिहारी सुगौलीका अभिजित कुमार सर्राफलाई लुकाई छिपाई ल्याएको अवैध भारतीय रुपियाँ ८ लाख १ हजार २ सयसहित शनिबार प्रहरीले पक्राउ गरेको छ।

वीरगन्ज महानगरपालिका-१६स्थित रजतजयन्ती चोकमा रक्सौलबाट वीरगन्जतर्फ सर्राफले चलाई ल्याएको बीआर ०५ के ६४४४ नम्बरको पल्सर मोटरसाइकललाई जाँच गर्दा मोटरसाइकलको तेल ट्यांकीको आधा भागमा पेट्रोल र अर्को भागमा अवैध भारतीय रुपियाँ ५ सय दरको १ हजार ४ सय ३८ थान, २ हजार दरको ११ थान, २ सय दरको ३ सय १ थान लुकाई छिपाई राखेको अवस्थामा फेला परेको थियो।

### लागूऔषध बरामद

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-१२ लगनखेल बस्ने राजन देउला र सातदोबाटोका सरोज खड्कालाई लागूऔषध नुरर्फिन ४९ एम्पुल, फेनरागन ४९ एम्पुल, डाइजोपाम ४९ एम्पुल, नगद ७८ हजार ४ सय ५० रुपियाँ र बा५१ प ८४३४ नम्बरको मोटरसाइकलसहित प्रहरीले पक्राउ गरेको छ। लगनखेलस्थित महर्जन मोटरसाइकल वर्कसपमा प्रहरी प्रभाग लगनखेलबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई शनिबार उक्त लागूऔषध, नगद तथा मोटरसाइकलसहित पक्राउ गरेको हो।

## विद्यार्थी भर्ना अभियानअन्तर्गत जागरण अभियान

नेपाल समाचारपत्र

काठमाडौं

विद्यार्थी भर्ना अभियानअन्तर्गत देशभर प्राविधिक शिक्षा राष्ट्रिय जागरण अभियान सञ्चालन गरिएको छ।

प्राविधिक शिक्षा आजको आवश्यकता भन्ने नाराका साथ हरेक युवालाई गरिखाने प्राविधिक शिक्षाबारे जागरण ल्याउने उद्देश्यले सबै जिल्लामा आइतबार जागरण अभियान सञ्चालन गरिएको हो।

राजधानीलगायतका जिल्लामा प्राविधिक शिक्षाको महत्त्व र यसका आवश्यकता झल्काउने विभिन्न ब्यानर तथा प्लेकार्डसहित देशभर प्रभातफेरी कार्यक्रमको आयोजना गरियो।

प्रभातफेरीमा शिक्षा मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावहारिक तालिम परिषद्, फोरम फर हेल्थ एन्ड टेक्निकल साइन्स, निजी प्राविधिक शिक्षालय महासंघलगायत प्राविधिक शिक्षासँग सरोकारवाला संस्था तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

प्राविधिक शिक्षा राष्ट्रिय जागरण अभियान कार्यक्रमको अवसरमा राजधानीमा आयोजित कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले अबको शिक्षा सीप र उत्पादनमा आधारित प्राविधिक शिक्षा हुनुपर्ने बताउनुभयो।

पढेका कुरालाई उत्पादनसँग नजोडी देशको विकास हुँदैन भन्दै मन्त्री पोखरेलले नेपालको शिक्षालाई विश्व शिक्षासँग जोड्न पनि प्राविधिक र व्यावहारिक शिक्षा आवश्यक रहेको उहाँको धारणा थियो।

प्राविधिक शिक्षाको नाममा धेरै संघसंस्था खुले पनि गरीखाने गरी सक्षम जनशक्ति अझै उत्पादन हुन नसक्केको भन्दै शिक्षामन्त्री पोखरेलले प्राविधिक शिक्षालाई प्रभावकारी बनाउन सीटीईभीटीलाई पुनर्गठन गर्ने तयारी गरेको उहाँले जानकारी दिनुभयो।

डा गोविन्द केसीको आमरण अनसनको सन्दर्भमा शिक्षामन्त्री पोखरेलले माथेमा आयोगको प्रतिवेदनअनुसार सरकार चिकित्सा शिक्षामा देखिएको समस्या छुट्टै आयोग गठनमार्फत समाधान गर्ने तयारीमा रहेको भन्दै अनसन बन्द गरी काठमाडौं फर्कन आह्वान गर्नुभयो।

उहाँले भन्नुभयो- 'चिकित्सा क्षेत्रमा सुधारकै लागि भनी अब डा केसीले पटक-पटक अनसन बस्नुपर्दैन।' अब सबै मुद्दाको हल आयोग र वार्ताको माध्यमबाट खोजिनुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रममा शिक्षा सचिव खगराज बरालले प्राविधिक शिक्षामा विगतको भन्दा अहिले जागरण बढेकोजस्तो देखिए पनि जनशक्ति उत्पादनमा भने अझै कमजोरी रहेको बताउनुभयो। उहाँले अब विद्यार्थीलाई ७० प्रतिशत प्राविधिक र ३० प्रतिशत साधारण शिक्षा दिने रणनीतिमा सरकार रहेको भन्दै प्राविधिक शिक्षामा सरकारको उच्च प्राथमिकता रहेको पनि बताउनुभयो।

कार्यक्रममा सांसद एवं अनेरास्ववियुकी अध्यक्ष नवीना लामा, नेपाल विद्यार्थी संघका अध्यक्ष नैनसिंह महर, अखिल क्रान्तिकारीका अध्यक्ष रञ्जित तामाङलगायतले प्राविधिकि शिक्षालाई गाउँतहसम्म सबैको पहुँचमा पुर्‍याउनुपर्नेमा जोड दिँदै विद्यार्थीको पढाइ र परीक्षालाई प्रभावित पार्ने गरी अब कहिल्यै पनि बन्द तथा हड्तालजस्ता कार्यक्रम नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँहरूले प्राविधिक शिक्षाको नाममा भएको ठगी बन्द गरिनुपर्ने, प्राविधिक शिक्षामा भएको भ्रष्टाचारको अन्त्य हुनुपर्ने, तथा प्राविधिक शिक्षा विद्यार्थीको पहुँचमा बनाउन शुल्क सस्तो गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा सीटीईभीटीका सदस्यसचिव पुष्प वाग्ले, फोरम फर हेल्थ एन्ड टेक्निकल साइन्सका अध्यक्ष कश्यप पौडेल तथा निजी प्राविधिक शिक्षालय महासंघका अध्यक्ष शैलेन्द्र मोहन झालगायतले नेपालमा प्राविधिक शिक्षाको विस्तार अपरिहार्य रहेको भन्दै सबै स्थानीय तहमा प्राविधिक शिक्षाको विस्तार गर्नुपर्नेमा जोड दिएका थिए।

## साउनको पहिलो साता शैक्षिक मेला

नेपाल समाचारपत्र

काठमाडौं

शैक्षिक परामर्श संघ नेपालले साउन ३ देखि ६ गतेसम्म शैक्षिक मेला आयोजना गर्ने भएको छ। विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीलाई सल्लाह दिन आयोजना गर्न लागिएको मेलामा विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालाले अन्तर्राष्ट्रिय शिक्षासम्बन्धी सही जानकारी र परामर्श पाउने जनाइएको छ।

आइतबार राजधानीमा आयोजना गरिएको पत्रकार सम्मेलनमा ईक्यानका अध्यक्ष विष्णुहरि पाण्डेले मेलामा विदेशमा अध्ययन गर्न जाँदा पर्ने समस्याका बारेमा परामर्श दिने कार्यक्रम रहेको जानकारी दिनुभयो। मेलामा २ दर्जनभन्दा बढी कूटनीतिक नियोग र राष्ट्रका शिक्षण संस्थाको सहभागिता रहनेछ।

मेलामा लाख भन्दा बढी विद्यार्थी र अभिभावकले अवलोकन गर्ने अपेक्षा गरिएको छ। भृकुटीमण्डपमा हुने ४ दिने मेलामा ईक्यानका सदस्य संस्थाका शैक्षिक परामर्श व्यवसायी, विदेशी तथा विदेशी शैक्षिक संस्था तथा भारत, चीन, बंगलादेश, श्रीलंका, जापान, फ्रान्स, अमेरिका, बेलायत, न्युजील्यान्ड, अस्ट्रेलिया, नर्वे, फिनल्यान्ड, मलेसिया, जर्मन, डेनमार्क, साइप्रसलगायत देशका कलेज तथा विश्वविद्यालयका आधिकारिक प्रतिनिधिहरूको सहभागिता रहने अध्यक्ष पाण्डेले बताउनुभयो।

स्वदेशी एवं विदेशी शिक्षा प्रणाली तथा प्राप्त योग्यताको भावी सम्भावना तथा अवसरलगायतका विषयमा सूचना र जानकारी दिने मेलामा स्वदेशी तथा विदेशी शैक्षिक संस्था, विश्वविद्यालय र त्यहाँ प्राप्त हुन सक्ने छात्रवृत्ति, सुविधा एवं गुणस्तरीय शिक्षामा नेपाली विद्यार्थीको समुचित पहुँचका लागि परामर्श सेवा प्रदान गर्ने योजना रहेको छ।

वैदेशिक अध्ययनमा जाने हरेक विद्यार्थी तथा तिनका अभिभावकका लागि, अन्तर्राष्ट्रिय शैक्षिक क्षेत्रका नवीनतम जानकारी, विभिन्न देशका शिक्षा नीति, नीतिमा आएका परिवर्तन, रहनसहन, हावापानी, वातावरण, कलेज एवं देशअनुसारको शुल्क तथा विदेश अध्ययनका लागि जाने नेपाली विद्यार्थीका लागि चाहिने सबै विषयवस्तुका बारेमा मेलामा जानकारी गराइने भएको छ।

मेलाका अवसरमा चारैदिन रक्तदान कार्यक्रम आयोजना गरिनेछ भने प्राथमिक उपचार केन्द्र तथा डन्टल क्याम्पको पनि व्यवस्था गरिएको छ। मेलामा ३ सय २८ स्टल रहनेछन्।

वन अप प्रालिको व्यवस्थापनमा हुने मेलाको प्रिजेन्टरमा ब्रिटिस काउन्सिल रहेको छ। टाइटल स्पोन्सरमा युरो एसिया एजुकेसन कन्सल्टेन्सी प्रालि रहेको छ।

मेलामा इन एसोसिएसन विथमा मर्सी एजुकेसन कन्सल्टेन्सी, मेन स्पोन्सरमा काठमाडौं इन्फोसिस एजुकेसनल कन्सल्टेन्सी, पावर्ड वाइमा हार्डफोर्ड इन्फोटेक सेन्टर, प्लाटिनम स्पोन्सरमा इन्टरनेसनल स्कुल अफ म्यानेजमेन्ट एन्ड टेक्नोलोजी डाइमन्ड, स्पोन्सरमा इम्पल्स इन्टरनेसनल इन्स्टिच्युट, सिल्भर स्पोन्सरमा स्काई एजुकेसन कन्सल्टेन्सी र ब्राउन्ज स्पोन्सर एजुकेसन एसिया रहेका छन्।

अन्य स्पोन्सरमा इनलाइटिन इन्टरनेसनल एजुकेसन, ग्लोबल एजुकेसन काउन्सिलिङ सेन्टर, चिवा एजुकेसन सेन्टर, ग्याफल्स एडुकेयर एसोसियट्स, पीटीई एकेडमिक, क्विनफोर्ड कलेज, हार्बर कलेज एवं फग परफ्युम रहेका छन्।




### असइको नतिजा प्रकाशित

काठमाडौं, (नेस)

नेपाल प्रहरीमा जनपद समूहतर्फ प्रहरी सहायक निरीक्षक पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधानअनुसार पदपूर्ति गर्न २०७४ साउन ३१ गते प्रकाशित विज्ञापनअनुसार दरखास्त दिई अन्तरवार्ता परीक्षामा सहभागी भएका खुला, अमर अशक्त प्रहरी परिवार तथा समावेशी समूहतर्फका उम्मेदवारको आइतबार अन्तिम नतिजा प्रकाशन गरिएको छ।

अन्तिम नतिजामा उत्तीर्ण हुने सम्बन्धित उम्मेदवारलाई २०७५ असार २७ गते प्रहरी प्रधान कार्यालय मानवस्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखामा सम्पर्क राख्न सूचित गरिएको छ।

**सुनसरी जिल्ला अदालत बाट देहायका व्यक्तिहरुलाई देहायका मुद्दाहरुमा जारी गरीएको समाहवन/इतलायनामा म्याद।**

वादी जिल्ला सुनसरी धरान उप.म.न.पा. वडा नं. १६ बस्ने शसी लिम्बु समेतले प्रतिवादी तपाई हरु समेत उपर मिति २०७४/०४/११ गतेमा तपसीलमा उल्लेखीत मुद्दा हरु यस अदालतमा दायर गर्नु भई तपाईको नाउँको समाव्हानमा म्याद जारी गरी पठाउँदा लेखिएको वतनमा फेला नपरेको भनी वेपत्ते वेहोराको म्याद तामेल भई आएकोले यस अदालतको मिति २०७५/०२/३१ का आदेशानुसार जिल्ला अदालत नियमावली २०५२ को नियम २२(क) को देहाय (१) को (ख) अनुसार तपाईका नाउँको यो समाहवनमा म्याद प्रकाशित गरिएको छ। यो म्याद प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र सप्रमाण आफैवा वारेस मार्फत प्रतिउत्तरपत्र लिई यस अदालतमा हाजिर हुन आउनु होला।नआई म्याद गुजारी बसेमा मुद्दा कानून बमोजीम हुनेछ। पछि तपाईको कुनै उजुर लाग्ने छैन । इति सम्वत्२०७५ साल असार ८ गते रोज ६ शुभम्......।

तसील

| क्रस | प्रतिवादीको नाम थर वतन | मुद्दा नं. | मुद्दा |
|---|---|---|---|
| १ | सुनसरी जिल्ला अदालत बाट जारी भएको गजेन्द्र बहादुर दर्जीको पत्नि जिल्ला तेह्रथुम पोखरी गा.वि.स. ७ घर भई हाल जिल्ला सुनसरी धरान उप.म.न.पा. वडा नं.१५ (श्याम चोक) बस्ने अं. ६० की ठुटी दर्जीको नाउँको ३०दिने समाहवन/इतलायनामा म्याद। | ०७४-CP-०६३५ | लिखत वदर दर्ता वदर दर्ता कायम |
| | | ०७४-PC-०४७९ | जालसाज |
| २ | सुनसरी जिल्ला अदालत बाट जारी भएको शम्भु विश्वकर्माकी पत्नि जिल्ला धनकुटा मुगा १ घर भई भई हाल जिल्ला सुनसरी धरान उप.म.न.पा. वडा नं. १५ (श्याम चोक) बस्ने अं. ४२ की सम्झना बिश्वकर्माको नाउँको ३०दिने समाहवन/इतलायनामा म्याद। | ०७४- CP -०६४० | लिखत वदर दर्ता वदर दर्ता कायम |
| | | ०७४- PC -०४८५ | जालसाज |
| ३ | सुनसरी जिल्ला अदालत बाट जारी भएको सूर्य बहादुर विश्वकर्माको छोरा जिल्ला धनकुटा बेलहरा १ घर भई हाल जिल्ला सुनसरी धरान उप.म.न.पा. वडा नं. १५ (श्याम चोक) बस्ने अं. ३८ को नगेन्द्र विश्वकर्मा को नाउँको ३०दिने समाहवन/इतलायनामा म्याद। | ०७४- CP -०६४१ | लिखत वदर दर्ता वदर दर्ता कायम |
| | | ०७४- PC -०४७८ | जालसाज |
| ४ | सुनसरी जिल्ला अदालत बाट जारी भएको टेक बहादुर विश्वकर्माको छोरा जिल्ला धनकुटा मुगा ६ घर भई हाल जिल्ला सुनसरी धरान उप.म.न.पा. वडा नं. १५ (श्याम चोक) बस्ने अं. ५९ को लाल बहादुर विश्वकर्मा को नाउँको ३०दिने समाहवन/इतलायनामा म्याद। | ०७४- CP -०६४२ | लिखत वदर दर्ता वदर दर्ता कायम |
| | | ०७४- PC -०४८६ | जालसाज |
| ५ | सुनसरी जिल्ला अदालत बाट जारी भएको बाबु लाल परियारको छोरा जिल्ला सुनसरी औरावनी ९ घर भई हाल जिल्ला सुनसरी धरान उप.म.न.पा. वडा नं. १५ (श्याम चोक) बस्ने अं. ३४ को शम्भु कुमार परियारको नाउँको ३०दिने समाहवन/इतलायनामा म्याद। | ०७४- CP -०६३९ | लिखत वदर दर्ता वदर दर्ता कायम |
| | | ०७४- PC -०४८३ | जालसाज |
| ६ | सुनसरी जिल्ला अदालत बाट जारी भएको मान बहदुर विश्वकर्माकी पत्नि जिल्ला धनकुटा मुगा १ घर भई हाल जिल्ला सुनसरी धरान उप.म.न.पा. वडा नं. १५ (श्याम चोक) बस्ने अं. ३४ की मन्जु बराइलीको नाउँको ३०दिने समाहवन/इतलायनामा म्याद। | ०७४- CP-०६४३ | लिखत वदर दर्ता वदर दर्ता कायम |
| | | ०७४- PC -०४८७ | जालसाज |
| ७ | सुनसरी जिल्ला अदालत बाट जारी भएको नारायण प्रसाद राईको पत्नि जिल्ला मोरङ्ग याङ्शिला ५ घर भई हाल जिल्ला सुनसरी धरान उप.म.न.पा. वडा नं. १५ (श्याम चोक) बस्ने अं. ४९ की थाममाया राईको नाउँको ३०दिने समाहवन/इतलायनामा म्याद। | ०७४- CP-०६३४ | लिखत वदर दर्ता वदर दर्ता कायम |
| | | ०७४- PC -०४८१ | जालसाज |

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : बिहान कार्य सफल भए पनि त्यसपछि चिन्ता, कष्ट ।
**वृष** : बिहान चोटपटकको भय त्यसपछि भने लाभ, कार्य सफल ।
**मिथुन** : बिहान उत्तम भोजन, लाभ तर त्यसपछि रोगव्याधि, तनाव।
**कर्कट** : निरोगिता, सुखशान्ति, केही प्राप्ति, परिवारबाट सुख-सन्तोष।
**सिंह** : बिहान राज्यभय, असफलता त्यसपछि लाभ, सुख-शान्ति।
**कन्या** : अस्वस्थता, काममा बाधा, कष्ट, राज्यभय, व्यापार घाटा।
**तुला** : बिहान राम्रो भए पनि त्यसपछि भने दुःख-कष्ट, अशान्ति।
**वृश्चिक** : धनलाभ, सफलता, स्वास्थ्यलाभ, शत्रु विजय।
**धनु** : बिहान स्वास्थ्य गडबड, त्यसपछि भने स्वास्थ्यलाभ, सन्तोष।
**मकर** : विवाद, अनुपलब्धिमूलक दौडधुप, दिनचर्या अस्तव्यस्त, धनहानि।
**कुम्भ** : बिहान प्रसन्नता तर त्यसपछि हानि, पारिवारिक विवाद।
**मीन** : शुरुमा धननाश भए पनि दिनभर सुख-सन्तोष, कतैबाट लाभ।